

# बैठक नम्बर १०६

**संविधानसभाको** चारवर्षे जीवनकालमा १२ माघ २०६७ मा बसेको १ सय ६ औं बैठक धेरै अर्थमा फरक रह्यो। सो दिनको बैठक अन्य दिनको झैं सामान्य कार्यसूचीमा थियो। कार्यसूची थियो, सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको प्रतिवेदनमाथि प्रस्तावमा उल्लिखित सुझाव र निर्देशनसहित पारित गरी संवैधानिक समितिमा पठाइयोस् भन्ने।

सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको प्रतिवेदनमाथि संविधानसभामा पहिले नै छलफल भइसकेको थियो। समितिको मस्यौदा उपर त्यसबेला विवाद समाधान उपसमितिले केही संशोधनसहित सहमति गरेको थियो। सो सहमतिलाई औपचारिकता दिन संविधानसभा बैठकमा प्रस्ताव राखिएको थियो। सो प्रस्ताव पारित गरेर संवैधानिक समितिमा पठाइनुथियो। यो तरिकाबाट अन्य समितिका प्रतिवेदन उपर पनि सुझाव र निर्देशन पारित गरेर संवैधानिक समितिमा पठाइने गरेको थियो। तर, सो दिनको बैठकमा कतिपय सभासद्हरूले उठेर आआफ्ना भिन्न मत राख्न थाले।

संविधानसभाको बैठकमा कार्यसूची बाहिर गएर सभासद्हरूले बोल्ने गरेका थिएनन्। व्यवस्थापिका संसद्को बैठकमा नियमापत्ति गरेर अथवा हात उठाएर सभासद्हरूले बोल्ने गरेका थिए, यो तरिका संविधानसभा बैठकमा भने अपनाइएको थिएन। तर, सो दिनको बैठकमा सभासद्हरूले व्यवस्थापिका संसद्को झैं तरिका अपनाएर संविधानका अन्तर्वस्तुमा फरक मत राख्दै आफ्ना धारणा राखेका थिए। त्यसैले सो बैठकलाई संविधान निर्माणसँग प्रत्यक्ष सम्बन्धित र सभासद्हरूले अभिब्यक्ति दिएको बैठकका रूपमा मूल्यांकन गर्न सकिन्छ।

सो दिनको बैठकमा हात उठाएर आफ्नो फरक मत राख्ने सभासद्को संख्या १८ जना थियो। तिनैमध्येका एक थिए नेकपा एमालेका सभासद् गोपाल ठाकुर। बैठकमा सुझाव र निर्देशन पारित गरिन लागेको सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको सदस्य पनि थिए। यो बैठकमा बोलेकै कारणले संविधानसभामा सबैभन्दा धेरैपटक बोल्ने दुर्लभ र सुखद कीर्तिमान गोपालको नाममा जाने देखिन्छ। हुनत संविधानसभाका ११ वटा समिति र राज्यपुनर्संरचना आयोगको प्रतिवेदन गरी १२ वटा शीर्षक प्रत्येकमा बोल्ने सभासद् गोपालबाहेक अरू पनि छन्। तर, बैठक नम्बर १०६ मा बोलेको कारणले गोपालले संविधानसभाको बैठकमा बोलेको संख्या १३ पुग्न गएको हो, जसका कारण उनी उपाधिधारी बनेका छन्।






## बैठकको वर्गीकरण

| बैठक शीर्षक | जम्मा बैठक संख्या |
|---|---|
| १. गणतन्त्र घोषणा बैठक | १ |
| २. संविधान लेखन बैठक | ७५ |
| ३. निर्वाचन बैठक | ६ |
| ४. कार्यतालिका संशोधन बैठक | १२ |
| ५. नियमावली संशोधनबैठक | ९ |
| ६. गयल सदर बैठक | १ |
| ७. समिति गठन, हेरफेर र मनोनयन बैठक | ६ |
| ८. पद रिक्तता र नियुक्ति बैठक | ११ |
| ९. शोक बैठक | १ |
| जम्मा बैठक | १२२ |



# बैठकको वर्गीकरण

बैठकहरूको वर्गीकरणको मूल आधार भनेकै संविधान लेखनमा प्रत्यक्ष सम्बन्ध भएका र नभएका बैठक हुन्। तथापि, संविधानसभाका धेरै बैठक एकभन्दा बढी कार्यसूचीमा भएको देखिन्छ। यो स्थितिमा सो बैठकलाई कुन आधारमा वर्गीकरण गरी कुन वर्गमा राख्ने भन्ने प्रश्न उठ्छ। यहाँ बैठककौ कार्यसूचीमा मुख्य देखिने विषयका आधारमा वर्गीकरण गरिएको छ। जस्तो कि संविधानभाको २० फागुन २०६६ मा बसेको ९५ औं बैठकमा प्रतिवेदन अध्ययन समितिको प्रस्ताव, समितिका सदस्यहरूको नाम हेरफेरको प्रस्ताव र लगातार १० वटा भन्दा धेरै बैठकमा अनुपस्थित हुनेको बिदा स्वीकृतिको प्रस्ताव कार्यसूचीमा रहेको थियो। संविधान लेखनसँग प्रत्यक्ष सम्बन्धित विषय पनि रहेकाले अन्य विषयलाई गौण मानी यस्ता बैठकलाई संविधान लेखनसँग प्रत्यक्ष सम्बन्ध भएको बैठकमा वर्गीकरण गरिएको छ। कतिपय बैठकमा कार्यतालिका संशोधन र नियमावली संशोधन दुवै विषय कार्यसूचीमा रहेको देखिन्छ। यस्ता बैठकको वर्गीकरण कार्यतालिका संशोधन बैठकका रूपमा गर्नु उचित देखिन्छ। किनभने संविधानसभाको आन्तरिक जीवन कार्यतालिकाबाट धेरै नै प्रभावित थियो भने संविधानसभाको सार्वजनिक जवाफदेहिता पनि कार्यतालिकाले नै दर्शाउने गरेको थियो।

अवसर पाएका थिए। यो अवसरको सदुपयोग गर्दै संविधान लेखनमा योगदान गर्ने काम सभासद्हरूले कसरी गरे, ककसले कतिपटक बोले भन्ने आकलन गर्ने प्रयास सभाको यो अंकमा गरिएको छ।

संविधानसभाको एकसय ६औं बैठक भने अपवाद देखिन्छ *(हेर्नुस् पृष्ठ ६)* । सभासद्हरूले छलफल गर्ने औपचारिक कार्ययोजना नभए पनि सो बैठकमा १८ जना सभासद्ले संविधानका अन्तर्वस्तुमा विचार राखेको देखिन्छ। त्यसैले सो बैठकलाई पनि अन्य बैठक सरह सभासद्हरूले छलफल गर्ने मौका पाएको बैठकका रूपमा गणना गरिएको छ। र, सो बैठकमा बोल्ने सभासद्हरूलाई पनि उनीहरूले बोलेको संख्यामा जोडिएको छ। यसरी संविधानका अन्तर्वस्तुमा छलफल भएका बैठकको संख्या ६१ देखिन्छ।

### व्यवस्थापकीय काम

संविधानसभाको चारवर्षे कार्यकालमा ६ सय नौजना सभासद् भएका थिए। संविधानसभाको व्यवस्थापकीय प्रकृतिका बैठकमा सभासद्हरूले बोलेकोलाई यहाँ गणना गरिएको छैन। जस्तो कि नियमावली संशोधन प्रस्ताव राख्दा नियमावली संशोधन मस्यौदा समितिको तर्फबाट संयोजकले सभामा संक्षिप्त मन्तव्य दिएका छन्। त्यसैगरी समितिको प्रतिवेदन प्रस्तुत गर्दा सभापतिले मन्तब्य राखेका छन् र प्रतिवेदन उपर छलफल सकिएपछि पनि मन्तव्य राखेका छन्। र, सभापतिहरूले त्यसरी बोल्दा आफ्ना विचार भन्दा पनि समितिको विचार राख्ने हो। यो उनीहरूको स्वेच्छिक काम होइन, सभापतिको हैसियतले निर्वाह गर्नुपर्ने काम भएकाले त्यसरी बोलिएकोलाई गणना गरिएको छैन। अन्य व्यवस्थापकीय कार्यको सिलसिलामा सचेतकहरूले सभामा बोलेका छन्। यसरी बोलिएकोलाई संविधान लेखनसँग प्रत्यक्ष सम्बन्धित मान्न मिल्ने देखिँदैन। यसरी बोलेको र संविधानका अन्तर्वस्तुमा विषयकेन्द्रित भएर बोलेकोलाई फरक वर्गमा राख्नुपर्ने देखिन्छ। त्यसैले सभासद् कसले कतिपटक बोले अथवा बोल्दै बोलेनन् भन्ने मूल्यांकन संविधानका अन्तर्वस्तुमा केन्द्रित बैठकहरू जसमा सभासद्हरूलाई बोल्ने मौका थियो, त्यसका आधारमा मात्र गरिएको छ। जुनसुकै विषयको बैठकमा बोलेको संख्या गणना गर्ने हो भने संविधानसभामा सबैभन्दा धेरैपटक बोल्ने अध्यक्ष सुवासचन्द्र नेम्बाङ नै थिए होलान्।

> सभासद् कसले कति पटक बोले अथवा बोल्दै बोलेनन् भन्ने मूल्यांकन संविधानका अन्तर्वस्तुमा केन्द्रित बैठकहरू जसमा सभासद्हरूलाई बोल्ने मौका थियो, त्यसका आधारमा मात्र गरिएको छ। जुनसुकै विषयको बैठकमा बोलेको संख्या गणना गर्ने हो भने संविधानसभामा सबैभन्दा धेरैपटक बोल्ने अध्यक्ष सुवासचन्द्र नेम्बाङ नै थिए होलान्।

संविधानसभाको चारवर्षे कार्यकालमा केही सभासद्को निधन भएको छ तथापि गिरिजाप्रसाद कोइरालाको निधनमा मात्र श्रद्धाञ्जलीका लागि छुट्टै बैठक राखिएको देखिन्छ। मृतक अन्य सभासद्को हकमा व्यवस्थापिका संसद्को बैठकमा श्रद्धाञ्जली अर्पण गरिएको छ। गिरिजाप्रसाप्रति श्रद्धाञ्जली अर्पण गर्न राखिएको सो बैठकमा अन्य कुनै एजेन्डा रहेको थिएन। त्यसैले सो बैठकलाई अन्य बैठकमा समूहीकृत नगरी छुट्टै वर्गमा राख्न आवश्यक देखिन्छ।

### संविधान लेखन बैठक

संविधानसभाका एक सय २२ बैठकलाई अन्य किसिमका मापदण्ड अपनाएर पनि वर्गीकरण गर्न सकिन्छ। जसरी वर्गीकरण गरे पनि संविधानका अन्तर्वस्तुमा औपचारिक छलफल भएका बैठकलाई एउटै वर्गमा राख्नुपर्ने हुन्छ। संविधानसभाका ११ वटा समितिका प्रतिवेदनमाथि ५५ वटा बैठकमा छलफल भएको थियो। हरेक प्रतिवेदनमा छलफलका लागि ३० घन्टा समय छुट्ट्याइएको थियो। दैनिक ६ घन्टाका दरले एउटा समितिको प्रतिवेदनमा पाँचवटा बैठकमा छलफल भएको थियो। त्यसबाहेक समितिका प्रतिवेदनमा झैं राज्यपुनर्संरचना आयोगको प्रतिवेदनमा पनि छलफल भएको थियो। सुरुमा आयोगको प्रतिवेदनमा चार दिनको चारवटा बैठकमा २४ घन्टा छलफल हुने निर्णय गरिएको थियो। तर, वक्ता सभासद्को संख्या धेरै भएपछि एक दिन समय थपिएको थियो।

सभासद्हरूले संविधानका अन्तर्वस्तुमा संविधानको पूर्ण बैठकमा बोल्ने अवसर यी १२ प्रतिवेदनमा मात्र पाएका थिए। एउटा प्रतिवेदमा एकजना सभासद्ले एक पटक मात्र बोल्ने मौका पाएका थिए। यस दृष्टिले एकजना सभासद्ले संविधानसभाको ६० वटा पूर्ण बैठकमा जम्मा १२ पटक मात्र बोल्ने औपचारिक

संविधानसभामा धेरैपटक बोल्नु या बोल्दै नबोल्नु अथवा कसले कतिपटक बोल्यो भन्ने तथ्यांकले एकजना सभासद्को सम्पूर्ण रूपमा मूल्यांकन गर्न भने सक्दैन। सभासद्को मूल्यांकनका धेरैमध्येको एउटा आधार उसले संविधानसभाभित्र भएको छलफलमा कसरी सहभागिता जनायो भन्ने चाहिँ हुन्छ नै। यस दृष्टिले छलफलमा सहभागिताको अर्थ र महत्त्व राख्छ। यसले ६०१ जना सभासद् संख्याको उपादेयता मूल्यांकन गर्न पनि सघाउ पुर्‍याउन सक्छ। संविधानसभामा जसले धेरैपटक बोलेका छन् उनीहरूले आफ्नो उत्तरदायित्व निर्वाह गरेको मान्न सकिन्छ भने जसले एकपटक पनि बोलेनन् उनीहरू संविधान लेखनप्रति उदासीन थिए भन्ने अर्थमा पनि बुझ्न सकिन्छ। यसलाई विभिन्न कोणबाट मूल्यांकन गर्न सकिन्छ।

व्यवस्थापिका संसद्को बैठकमा बोल्न चाहँदैमा सभासद्ले समय पाउँछन् भन्ने थिएन। व्यवस्थापिका संसद्मा सीमित समय थियो, बोल्नका लागि आफ्नो दलका सचेतकमार्फत नाम लेखाउनुपर्थ्यो। दलको अनुमति या सिफारिसमा मात्र बोल्न सकिन्थ्यो। तर, संविधानसभाको छलफलमा भने दलीय बारबन्देज थिएन। प्रत्येक शीर्षकको छलफलमा बोल्न सभासद्हरू स्वतन्त्र थिए, समय नपाइने समस्या थिएन। तैपनि कतिपय सभासद्ले एकैपटक पनि बोलेनन्।

## एउटै पनि बैठकमा नबोल्नेहरू

समितिहरूको अवधारणापत्रसहितको मस्यौदा प्रतिवेदन उपर संविधानसभामा छलफल सुरुभएको थियो १७ जेठ २०६६ मा। त्यसैगरी राज्यपुनर्संरचना आयोगको प्रतिवेदन उपर छलफल सुरुभएको थियो १३ चैत २०६८ मा। संविधानसभाका ११ वटा समितिको प्रतिवेदनसहित राज्यपुनर्संरचना आयोगको प्रतिवेदनउपरको छलफल गरी संविधानसभामा १२ वटा शीर्षकमा ६१ वटा बैठकमा चलेको छलफल कुनैमा पनि नबोल्ने सभासद्हरूको संख्या ९४ रहेको छ :

१. इन्द्रबहादुर गुरुङ
२. इन्द्रमती यादव
३. ईश्वर दयाल मिश्र
४. उमाकान्त चौधरी
५. उर्मिला महतो कोइरी
६. ओमप्रकाश यादव *(रूपन्देही- २)*
७. ओमप्रकाश शर्मा
८. कलावती देवी दुसाध
९. कवीन्द्रनाथ ठाकुर
१०. कौशलकुमार राय यादव
११. कृष्णबहादुर महरा
१२. खोभारी राय
१३. गणेशप्रसाद थारू
१४ .गणेशबहादुर खड्का
१५ .गिरिजाप्रसाद कोइराला *(७ चैत २०६६ मा निधन)*
१६. चन्दा देवी
१७. जगतप्रसाद यादव *(२५ पुस २०६६ मा पदमुक्त)*
१८. जगतबहादुर ताजपुरिया
१९. झलनाथ खनाल
२०. टोपबहादुर रायमाझी
२१. डम्बरध्वज तुम्बाहाम्फे
२२. दलबहादुर सुनार
२३. दामोदर चौधरी *(१६ वैशाख २०६७ मा निधन)*
२४. दिनानाथ शर्मा
२५. दुर्गादेवी महतो
२६. दुर्गीदेवी (पासवान)
२७. धर्मप्रसाद घिमिरे
२८. नारायणप्रसाद पौडेल
२९. नारायणमान बिजुक्छे
३०. नीलम बर्मा
३१. पूजा खनाल
३२ पुष्पकमल दाहाल (प्रचण्ड)
३३ पूर्णकुमार शेर्मा
३४ पूर्णकुमारी सुवेदी *(उपाध्यक्ष पदमा रहेकाले नबोलेको)*
३५ प्रकाश पाख्रिन
३६ प्रमिलादेवी यादव
३७ फुलमतीदेवी चौधरी
३८ बलदेव शर्मा मजगैयाँ
३९ बालकृष्ण खांण
४० वीरेन्द्र जुहारचन
४१ वीरेन्द्र माझी
४२ बोधनारायण सरदार *(संविधानसभामा छलफल सुरु हुन अगावै ३० फागुन २०६५ मा निधन)*
४३ भीष्म धिमाल
४४ भीमराज चौधरी राजवंशी
४५ मधुसूदन अग्रवाल
४६ मनमोहन भट्टराई
४७ महन्थ ठाकुर
४८ महेन्द्रप्रसाद यादव
४९ महेशप्रसाद यादव
५० मातृकाप्रसाद यादव *(२५ पुस २०६६ मा पदमुक्त)*
५१ माधवकुमार नेपाल
५२ मालामती देवी राना
५३ मिनाक्षी झा
५४ मुगालाल महतो
५५ मुन्नीकुमारी गुप्ता
५६ मुहम्मद वकिल मुसलमान
५७ मोहन वैद्य *(२६ कात्तिक २०६५ मा राजीनामा स्वीकृत)*
५८ मोहम्मद इस्तियाक राई
५९ मृगेन्द्रकुमार सिंह यादव
६० रम्भा देवी
६१ रामकुमार पासवान
६२ रामजनम चौधरी
६३ रामबच्चन अहिर (यादव)
६४ रामवती चौधरी
६५ रूपा वि.क.
६६ ललिताकुमारी साह
६७ लक्ष्मण महतो
६८ लीलादेवी मेहता
६९ ववितादेवी धोबी
७० विजयकुमार गच्छदार
७१ विजयकुमार यादव
७२ विश्वनाथप्रसाद यादव
७३ विष्णुकुमारी राई
७४ श्यामसुन्दर गुप्ता *(पछिल्लो कालमा जेलमा रही निलम्बित)*
७५ शरतसिंह भण्डारी *(महोत्तरी)*
७६ शशांक कोइराला
७७ शत्रुधनप्रसाद सिंह कोइरी
७८ शारदा घिमिरे
७९ शारदा नेपाली
८० शिवचन्द्र मिश्र
८१ शिवनारायण उराव
८२ डा. शेखर कोइराला
८३ शेरबहादुर देउवा
८४ सन्ध्या देवी
८५ सलाहुद्दीन मुसलमान
८६ सरोजकुमार यादव
८७ सलमा खातुन मिकरानी
८८ सावित्री सिंह
८९ सुन्दरा थारू
९० सुनदेवी जोशी
९१ सुरेन्द्र पाण्डे
९२ सुवासचन्द्र नेम्बाङ *(अध्यक्ष पदमा रहेकाले नबोलेको)*
९३ सुशीलचन्द्र अमात्य *(संविधानसभामा छलफल सुरु हुनुअगावै २६ पुस २०६५ मा राजीनामा)*
९४. सेवकीदेवी दास तत्मा

### आयोगको प्रतिवेदन उपर भएको छलफलमा मात्र बोल्ने, संविधानसभाका ११ वटा समितिका प्रतिवेदनको छलफल कुनैमा नबोल्ने सभासद्हरूको संख्या १९ जना रहेको छ :

१ आशाकुमारी सरदार
२ ओमप्रकाश यादव (रूपन्देही–६)
३ करिमा बेगम
४ किरण गुरुङ
५ नरबहादुर विष्ट
६ पूर्णप्रसाद राजवंशी
७ फरमुद नदाफ
८ बद्रीप्रसाद न्यौपाने
९ भूपेन्द्र चौधरी
१० मोतीलाल दुगड
११ मो. अफताब आलम
१२ रमेश रिजाल
१३ रामचन्द्र राय अमात
१४ रेणु दाहाल
१५ रेणुकुमारी यादव
१६ लक्ष्मीकुमारी चौधरी
१७ सर्वदेवप्रसाद ओझा
१८ सूर्यमान गुरुङ
१९ हरिलाल थापामगर